नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८०/८१
चलनी नं.:- च.नं.:-५१४

मिति: २०८०/०९/०४

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

निमरुङ्ग खोला ज.आ. को विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त बारे ।

श्री किरण पावर कम्पनी प्रा.लि
कल्धारा -१६ ,काठमाडौं

उपरोक्त सम्बन्धमा त्यस कम्पनीबाट पेश भएको निमरुङ्ग खोला ज.आ. को विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही हुँदा निम्न कागजात/विवरणहरु ७ दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मितिः२०८०/०९/०२ गतेको निर्णयानुसार अनुरोध गरिन्छ ।

१ आ.व.२०७८/७९को कपनीको अद्यावधिक , शेयर लगत अभिलेख र सोको soft copy (excel file) (प्रमाणित)|
२ यस आयोजनाको लागि गरिएको उद्योग दर्ताको प्रमाणित प्रमाणपत्र ।
३ प्रमाणित सञ्चालक समितिको बैठकको निर्णय र शेयरधनीहरु बीच गरिएको सम्झौता (प्रमाणित प्रतिलिपि )|
४ सहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवं सम्पर्क नंबर ।
५ आयोजना क्षेत्रका प्रमुख संरचनाको रेखाङ्कन तथा Coordinate सहितको सक्कल टोपो नक्सा
६ स्वीकृत IEE प्रतिवेदन र सोको soft copy
७ परियोजनाको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण स्वीकृत IEE प्रतिवेदन अनुसारको ।
८ आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी ।
९ शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।
१० आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धता
११ यदि प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए सोको जानकारी र विवरण ।
१२ आयोजनामा लगानी शेयर बराबरको कम्पनीको खुद सम्पति (नेटवर्थ) ,वा सो बराबरको रकम शेयारको रुपमा शेयरधनीहरुले लगानी गर्न सक्ने क्षमता पुष्टि हुने बैंक विवरण (स्टेटमेन्ट ),वा अन्य सम्पति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने प्रमाणित कागजात ,बैंक जमानत (स्टेटमेन्ट)वा अन्य सम्पति विवरण रजिष्टर्ड चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको प्रति र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८०/८१
चलनी नं.:- ५१४

मिति: २०८०/०९/०४

१३ आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेको शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative networth तथा आवश्यकता अनुसार आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयरहोल्डरहरु बीच भएको सम्झौता र कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता र networth प्रमाणित गर्ने CA को प्रमाणित विवरणहरु।

१४ आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन soft copy ।

(पुनम पाण्डे)
इन्जिनियर